नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०८१ पौष २४ गते (तदनुसार ८ जनवरी २०२५) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग बिम्स्टेकका महासचिव महामहिम श्री इन्द्रमणि पाण्डेले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो।

भेटका क्रममा माननीय मन्त्रीज्यूले बिम्स्टेकका महासचिवज्यूलाई सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दै बङ्गालको खाडी क्षेत्रमा क्षेत्रीय एकता, ऐक्यबद्धता र सहकार्यलाई अगाडि बढाउने कार्यमा नेपाल सरकारको पुर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, सन् २००४ मा हस्ताक्षर भएको बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी फ्रेमवर्क सम्झौतालाई पूर्णरुप अन्तिम रुप दिन हालसम्म भएका विभिन्न संयन्त्रको बैठकमा नेपालले निरन्तर सक्रिय रुपमा सहभागिता जनाउदै आएको व्यहोरा अवगत गराउनु भयो। त्यसैगरी, बिम्स्टेक स्वतन्त्र व्यापार क्षेत्रअन्तर्गत लगानी सम्बन्धी सम्झौता एउटा प्रमुख पूरक सम्झौता रहेको उल्लेख गर्दै नेपालमा जलविद्युत्, पर्यटन, कृषि, पूर्वाधार, सूचना प्रविधि, निर्माण र सेवा क्षेत्रजस्ता विभिन्न क्षेत्रमा व्यापार र लगानीका लागि विविध अवसरहरू उपलब्ध रहेकोले छिमेकी राष्ट्रहरूबाट लगानीको सदैव स्वागत र प्रोत्साहन गर्ने नीति रहेको विचार व्यक्त गर्नुभयो।

त्यसैगरी, माननीय मन्त्रीज्यूले नेपालले सन् २०२६ मा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुन लागिरहेको सन्दर्भमा त्यसलाई सहज तथा दिगो बनाउन थप स्रोत, प्रविधि र साझेदारी आवश्यक पर्ने उल्लेख गर्नुभयो। उहाँले नेपालजस्तै अति कम विकसित मुलुकबाट स्तरोन्नतिमा पुगेका वा पुग्दै गरेका मुलुकहरूको लागि अति कम विकसित मुलुकको रूपमा प्राप्त सुविधालाई निरन्तरता दिन जरुरी भएकोले सो सुविधा सुनिश्चित गर्दै संक्रमणकालीन अवधिभर उपलब्ध गराउने विषयमा महासचिवज्यूको रचनात्मक भूमिकाको अपेक्षा व्यक्त गर्नुभयो। साथै, मन्त्रीज्यूले बिम्स्टेक क्षेत्रलाई दिगो विकास, आर्थिक एकीकरण र साझा समृद्धिको क्षेत्रमा रूपान्तरण गर्न बिम्स्टेक वडापत्रमा समाविष्ट सिद्धान्त र उद्देश्यप्रति नेपालको दृढ प्रतिबद्धता रहेको दोहोऱ्याउनु भयो।

महासचिवज्यूले बिम्स्टेकमा नेपालको सक्रिय भूमिकाको प्रशंसा गर्दै काठमाडौंमा सम्पन्न चौथो बिम्स्टेक शिखर सम्मेलनको उपलब्धीबारे स्मरण गर्नुभयो। उहाँले बिम्स्टेक स्वतन्त्र व्यापार सम्झौताको विषयमा हालसम्म अपेक्षाकृत प्रगति हुन नसकेको विषयमा ध्यानाकर्षण गर्दै सदस्य मुलुकहरूले यसअन्तर्गतका संयन्त्रहरूलाई थप सक्रिय बनाउन आवश्यक रहेको बताउनुभयो। साथै, पर्यटन, कृषि, सूचना प्रविधि, पुर्वाधार विकास र अन्तरआवद्धताको क्षेत्रमा सहकार्यको महत्त्व दर्साउँदै बैठकहरू नियमित रूपमा आयोजनाको आवश्यकता औंल्याउनु भयो।

उक्त भेटवार्तामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री बाबुराम अधिकारीसहित मन्त्रालयका अन्य पदाधिकारीहरू र परराष्ट्र मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो।

मितिः २०८१ पौष २४ गते बुधवार।

सहसचिव/प्रवक्ता